मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

## लगानि साझेदारी सहित चक्लावन्दीमा एकिकृत कृषि विकास कार्यक्रम सन्चालन गर्ने प्रशतावको मस्यौदा

### भूमिका

कृषिको आधुनिकीकरणको लागि यन्त्रिकरण महत्त्ववपूर्ण पक्ष हो । यन्त्रहरुको प्रयोग गरी बाली उत्पादन गर्दा उत्पादन लागत कम हुने, बालीको उत्पादकत्व बढ्ने र कृषकहरुको आम्दानि वृद्धि हुनेछ । कृषिको आधुनिकीकरणको लागि पहिलो र अन्तिम शर्त नै सिधा सिधा लाइनमा खेती गरिनु पर्दछ भन्ने हो । सिधा सिधा हुनेगरि लाइनमा वा हार हारमा विरुवा वा वीउ रोप्नको लागि मेसीनको प्रयोग गर्नु पर्दछ। मेसिनको प्रयोग हुनासाथ उत्पादन लागत स्वरुप लाग्ने मानविय श्रम मुल्यमा उल्लेख्य गिरावट आउने हुन्छ। मेसीनले वीउ वा विरुवा लगाइने अवस्थामा विरुवा देखि विरुवा सम्मको दुरी र हार देखि हार सम्मको दुरी निश्चित मापदण्डका साथ निर्धारण गरिएको हुन्छ। दुरी वमोजीम हिसाव गर्दा प्रति एकाइ क्षेत्रफलमा लाग्ने मल विउ देखि लिएर अन्तिम उत्पादन समेतलाइ वाली कटानी भन्दा अगाडी नै आंकलन गर्न सकिन्छ। जसले गर्दा वजार व्यवस्थापनलाइ वाली टिप्नुभन्दा अगाडीनै सुनिश्चित गर्न सकिन्छ।

कृषि योग्य जमिन जनसंख्या वृद्धि र एकल परिवारको बढ्दो प्रचलनले गर्दा विखण्डीत भएर खेती गर्न कठिन मात्र भएको छैन सिमाना वढ्दै जाँदा खेतीयोग्य जमिन समेत घटदै गईरहेकोछ । भूमिको बढ्दो खण्डीकरण एवम् जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्दिका साथै भूमिको समुचित प्रयोगमा जोड दिन जरुरी भएको छ। परंपरागत खेतवारीहरुलाइ सुधारै नगरिकन आधुनिक खेतीको अपेक्षा गर्न सकिंदैन। कृषियोग्य भूमिको प्रयोगमा भईरहेको खण्डीकरण रोक्न, आधुनिक खेती मैत्री हुनेगरी गह्रा सुधारमा स्थानिय सरोकारवालाहरुले आवश्यक पहल कदमि लिन जरुरी छ। र त्यस्तो पहलकदमिलाइ हर तरहले सहयोग गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायतका स्थानिय रुपमा क्रियाशिल संस्थाहरु पनि प्रतिवद्ध रहने छ। थोरै लगानिमा यन्त्रमैत्री हुनेगरी गरा सुधार गर्न सकिन् फांटहरुलाइ आलु, मकै लगायतका मुख्य खाद्यान्न वालीको उत्पादनमा केन्द्रित गराउनु जरुरी छ। गह्रा सुधार गर्नकालागि १२ डीग्री भन्दा वढी भिरालो पन भएका अलि वढी नै लगानी लाग्ने क्षेत्रहरुमा चाहिं फलफूल तथा जडिवुटीको उत्पादन तर्फ जान सकिन्छ। त्यस्ता क्षेत्रहरुमा भुक्षय को सम्भावना वढी नै हुने गर्दछ।

काभ्रेपलान्चोक र सिन्धुपाल्चोकका खेतीयोग्य जमिनहरुलाइ आधुनिक तरिकाले व्यवस्थापन (Land Pooling) गरि उत्तम प्रयोजनमा ल्याउन आलु , मकै, धान र तरकारी उत्पादनको लागि किसानहरुलाइ अनुदान सहयोग गर्ने सम्वन्धमा एकमत भइ आधुनिकीकरणको लागि गह्रा सुधार (Land Pooling) गर्ने प्रयोजनको लागि वहुपक्षिय सम्झौता गरि सो को कार्यान्वयन गरिनु जरुरी छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण
परियोजना कार्यान्वयन
चौतारा,

चक्लावन्दी कार्यक्रम सन्चालनको उद्धेश्य

(क) खेतीयोग्य भूमिलाई अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिइ त्यस्तो भूमिको जगेर्ना गर्ने।

(ख) जग्गा बांझो राख्ने तथा खण्डीकरण गर्ने प्रवृत्तीलाई दुरुत्साहन गर्ने। खेती प्रणालीलाई रुपान्तरण र विस्तार गरी रोजगारीका अवसर सृजना गर्ने।

(ग) नगरपालिका भित्र कृषि उत्पादन तथा व्यवसायीकरण तर्फ सन्चालन हुने सवैखाले कार्यक्रमहरुलाई चक्लावन्दी तर्फ आवद्ध गर्दै लैजाने।

सामान्य शर्तहरु

- चक्लाबन्दी गर्नका लागि कम्तीमा दुई भन्दा बढी व्यक्तिहरु वा समूह वा संस्था हुनुपर्नेछ। दुई वा दुईभन्दा बढी कित्ता भएको जमिन हुनुपर्नेछ। खेतीयोग्य भूमिमा आवास तथा उद्योगका लागि प्रयोग गर्न नदिने गरी चक्लाबन्दी गरिएको जग्गामा एक वर्षमा कम्तीमा तीन बाली खेती गर्नुको साथै सो कार्य गर्न कम्तीमा 5 वर्षको प्रतिबद्धतापत्र पेश गरिएको हुनुपर्नेछ। स्थानीय तहले सो प्रतिबद्धता पत्रलाई अनुमोदन गरेको हुनुपर्नेछ
- यस सम्झौतामा संलग्न रहेको **योजना माग फाराम** बमोजिमका विवरण संलग्न गरी प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको कार्यालयमा दरखास्त दिनुपर्नेछ। त्यसरी दरखास्त दिंदा इमेलमार्फत समेत दिन सकिनेछ।
- चक्लाबन्दी कार्यक्रममा पेश भएका आवेदनहरू मध्ये सबैभन्दा बढी क्षेत्रफलको जग्गामा चक्लाबन्दी गर्ने समूह, सहकारी वा कृषि उद्यमीहरुलाई पहिलो प्राथमिकता दिइनेछ।
- चक्लाबन्दी सम्बन्धी सम्झौता बमोजिमको कार्य सम्पन्न प्रतिवेदन नगरपालिकाबाट अनुमोदन गरिएको हुनुपर्नेछ।
- कार्यक्रम कार्यान्वयनको लागि कुनै किसिमको पेश्की दिइने छैन
- चक्लाबन्दी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य नगरपालिका वा परियोजनाबाट वा संयुक्त रुपमा नियमित रुपले गरिनेछ।
- कार्यक्रम संचालन सम्बन्धी विवरण विस्तृत रूपमा झल्किने गरी अनुदान ग्राहिले होडिङ बोर्ड मार्फत सार्वजनिक गर्ने छ।
- सम्झौता अनुरुप काम नगर्ने सम्बन्धित संस्था वा समूहलाई दिइने भनिएको अनुदान रकम रोक्न सकिनेछ।
- यस सम्झौतामा उल्लेख भएका बाहेक अन्य विषयहरु प्रचलित कानुनबमोजिम हुनेछ।
- सम्झौता गर्ने पक्षहरुबीच आवश्यकताअनुसार सम्झौतालाई संशोधन गर्न सकिनेछ
- चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिएको जमिनमा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिका साथै एक वर्षभित्र कम्तीमा तीन बाली लगाउने सर्त मन्जुर गरिएको हुनुपर्नेछ

अनुसुची १: लागत साझेदारी सम्वन्धि सम्झौता

आ व ०७३।०७४ साल देखी नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय मार्फत काभ्रेपलान्चोक जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत जोन हुदै सुपरजोन कार्यक्रम सन्चालन हुदै आइरहेको छ । परंपरागत रुपमा आलु खेती गर्ने गरिएका विभिन्न स्थानिय तहका क्षेत्रहरु समेटेर यो कार्यक्रम सन्चालन भैरहेको छ। त्यसैगरी सिन्धुपाल्चोकमा मकै जोन हुंदै कृषि विकास कार्यक्रमहरु सन्चालन हुंदै आइरहेका छन। परंपरागत रुपमा खेती गर्दै आइएका हाम्रा अत्यन्तै सुयोग्य भूमिहरुमा आधुनिक खेतीको उच्च सम्भावना भएता पनि त्यसतर्फ अपेक्षित प्रगति गर्न सकिएको छैन। ठूला यान्त्रीकरणका साथ आधुनिक खेती गर्न सकिने सम्भावना भएका प्रसस्त फराकिला फांटहरु रहेता पनि जमिनको खण्डीकरणका कारण सो तर्फ कुनै कदम चाल्न सकिएको छैन। यन्त्र मैत्री हुनेगरी जग्गाको सुधार र पुन: एकिकरण नगरिएसम्म मानविय श्रमको न्युनतम प्रयोगका साथ कम लागतमा उच्चतम प्रतिफल प्राप्त हुनेगरी चक्लावन्दीमा आधुनिक खेती गर्न सकिने सम्भावना पनि छैन। यस सन्दर्भमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, सिन्धुपाल्चोकको आर्थिक वर्ष २०७७/७८ को स्विकृत वार्षिक कार्यक्रम अनुसार यान्त्रीकरणमैत्री हुनेगरि गह्रा सुधार गर्दै चक्लाबन्दीमा यान्त्रीकरणका साथ व्यवसायिक रुपमा आलु/मकै/धान/तरकारी उत्पादन गर्ने; नयाँ क्षेत्रमा खेती विस्तार गर्ने र तिनको प्रशोधन तथा वजारीकरण गर्ने योजना रहेको छ। विषादिको अत्याधिक प्रयोग हुने गरेका क्षेत्रहरुलाइ विस्तारै प्रांगारीक खेती तर्फ डोर्याउन समेत जरुरी रहेको सन्दर्भमा यस सम्झौताको आशय वमोजिम जग्गा सुधार गरि चक्लावन्दीमा आधुनिक खेती गर्न चाहने कृषकहरुलाइ व्यवसायीक रुपमै प्रांगारीक उन्मुख (GAP) आलु खेती गर्नको लागि समेत प्याकेज कार्यक्रमहरु सन्चालन गर्ने प्रयोजनको लागि कृ. आ. प., परियोजना कार्यान्वयन इकाइ, सिन्धुपाल्चोक, मण्डनदेउपुर नगरपालिका तथा कृषक समूदाय वीच समन्वय र लगानी साझेदारी गर्न यो सम्झौता पत्र तयार गरी दुबै पक्ष सहमत भइ हस्ताक्षर गरी लियौं दियौं ।

सँलग्न निकाय

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन इकाइ, सिन्धुपाल्चोक: प्रथम पक्ष
- मण्डनदेउपुर नगरकार्यपालिकाको कार्यालय: द्धितिय पक्ष
- चक्लाबन्दिमा आवद्ध भइ व्यवसायीक आलु/मकै/धान खेती गर्न चाहने कृषक समुदाय: लाभग्राही

जिम्मेवारी

**प्र कृ आ प, प का ई, सिन्धुपाल्चोक (प्रथम पक्ष)**

- वालीका लागि पहिचान भएको चक्लाबन्दी क्लष्टरमा अर्गानिक उन्मुख खेतीको सम्भाव्यता अध्ययन

- जग्गा/कान्ला सुधार तथा एकिकरण गर्न लाग्ने खर्चको लागि लगानि साझेदारी।
- जग्गाको चार किल्ला भित्रको चक्लाबन्दी स्थलको ब्लक डिजाइन गर्ने ।
- स्थानिय सरकार तथा कृषक समुदाय सँग अर्गानिक उन्मुख खेतीको लागि सम्भावना तथा अवसरको बारेमा अन्तरक्रिया सँचालन गर्ने ।
- चक्लाबन्दीमा आबद्ध भई आएका उत्पादनशिल क्लष्टरमा प्राथमिकताका साथ सिचाइ सुविधा तथा पूर्वाधार निर्माण सहयोग तथा ठूला यान्त्रिकरण प्रवर्द्धनमा सहजिकरण तथा लगानि साझेदारी गर्ने ।
- प्राविधिक सेवा टेवा सँचालन गर्ने ।
- गुणस्तरीय वीउका लागि सहजिकरण तथा समन्वय गर्ने ।

**स्थानिय पालिका (दोश्रो पक्ष)**

- चक्लाबन्दीका लागि क्लष्टरको प्राथमिकिकरण, छनौट एवँ अनुमोदन गरी चक्लावन्दी गरिने क्षेत्रका कृषक समुदायको परिचालन गर्ने ।
- कृषकको माग अनुसार गुणस्तरीय वीउमा लगानि साझेदारी गर्ने ।
- यान्त्रीकरणका लागि पहिलो पक्ष तथा कृषक समुदाय सँगको साझेदारीमा प्रवर्द्धन गर्ने ।
- सिचाइ पूर्वाधार निर्माणमा सहकार्य तथा साझेदारी गर्ने ।
- जग्गा सुधारमा समन्वय तथा लगानि साझेदारी गर्ने ।
- जग्गाको चार किल्ला भित्रको चक्लाबन्दी स्थलको आधार नक्सा तयार गर्ने ।
- आधार नक्सामा योजनाको रुपरेखा तयार गरी ब्लक्क डिजाइन गर्न सहयोग गर्ने।
- आवस्यकता अनुसार जिल्ला नापि कार्यालय संग समन्वय गर्ने।

**स्थानिय रुपमा सक्रिय अन्य परियोजना र संघसंस्थाहरु (लगानि साझेदार)**

- यस सम्झौताको आशय वमोजिम प्रथम पक्ष र दोश्रोपक्ष विच छलफल भइ छनौट गरिएका क्रियाकलापहरुलाइ नगर कार्यपालिकाले अनुमोदन गरेपश्चात सोहि वमोजिम लगानि गर्ने

**कृषक समूदाय ( लाभग्राही )**

- प्रथम पक्ष तथा द्धितिय पक्षले तोकेको मापदण्ड बमोजिम एकै क्लष्टरमा चक्लाबन्दीमा खेती गर्ने ।
- यान्त्रीकरण मैत्री हुनेगरी जग्गा सुधार गर्न तयार हुनुपर्ने।
- परम्परागत तरिकालाइ विस्थापित गर्नु पर्ने ।
- समूहमा आवद्ध भइ समुदायको सामूहिक निर्णय बमोजिम खेती गर्नु पर्ने ।
- लागत साझेदारी अनुसारको लागत ब्यहोर्नु पर्ने ।
- अनुदानमा प्राप्त भएको वीउ, यन्त्र उपकरण तथा सिचाइ पूर्वाधारको सदुपयोग गर्ने ।

- वाली लगाउनका लागि जमिनको तयारी तथा खेती व्यवस्थापन तथा GAP प्रविधि अनुसार वाली सँरक्षणको जिम्मेवारी वहन गर्ने ।
- उत्पादित वालीको बजारीकरण गरी संलग्न कृषकहरु वीच लाभको समतामूलक वितरण गर्ने ।( प्रथम तथा द्धितिय पक्षले सहजीकरणका लागि पहल गर्नेछ ।)

लागत साझेदारीको मोडेल

| साझेदारीका क्षेत्र | लगानि साझेदारहरु | | | कैफियत |
|---|---|---|---|---|
| | प का इ, | स्थानिय सरकार | कृषक समुदाय | |
| जग्गा सुधारको लागि अनुदान | इन्जिनियरिंग इस्टीमेट वमोजिम ५० प्रतिशत (चक्लावन्दीको अनुदानवाट) | इन्जिनियरिंग इस्टीमेट वमोजिम २५ प्रतिशत | इन्जिनियरिंग इस्टीमेट वमोजिम २५ प्रतिशत (श्रमदान) | प्रति हेक्टर बढिमा रु ५०००० अनुदान उपलब्ध गराउने |
| उन्नत वीउ | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत | |
| उत्पादनमा आधारीत विमा | ० | ५० प्रतिशत | ५० प्रतिशत | प्रिमियमको रकम ५०% नगरपालिका बाट व्यहोरिने । |
| यन्त्र उपकरण | ५० प्रतिशत (चक्लावन्दीको अनुदानवाट) | २५ प्रतिशत | २५ प्रतिशत | |
| सिचाइ पूर्वाधार | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत | |
| प्रांगारीक मल तथा वाली सँरक्षण | ५० प्रतिशत (चक्लावन्दीको अनुदानवाट) | २५ प्रतिशत | २५ प्रतिशत | |

अन्य लगानि साझेदारहरु उपलव्ध भएमा आपसी छलफलवाट लगानिको हिस्सा निर्क्योल गरिने।

**प्रथम पक्षको तर्फ बाट**

नामः प्रकाश पौडेल

पदः प्रमूख, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना सिन्धुपाल्चोक/ काभ्रे

हस्ताक्षरः

मितिः

नेपाल सरकार कृषि तथा पशुपन्छी मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई चौतारा, सिन्धुपाल्चोक

**द्धितिय पक्षको तर्फ बाट**

नामः श्री टोक बहादुर वाइवा

पदः नगर प्रमूख, मण्डनदेउपुर नगरपालिका

हस्ताक्षरः

मितिः ०७६/०६/१९

टोकबहादुर वाइबा
नगर प्रमुख

मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय महादेवस्थान, काभ्रेपलान्चोक बागमती प्रदेश, नेपाल २०७३